वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

सुचीदर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०७४।०३।२१

वीरगंज महानगरपालिकाको आ.व. २०७४।०७५ को लागि आवश्यक निम्नानुसारको सामान तथा सेवाहरु आपुर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं सस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टा छुट्टै सूची (Standing List) दर्ताको लागि यो सूचना प्रथम पटक प्रकाशित मिति १५ (पन्द्रह) दिन भित्र यस कार्यालयको खरिद इकाईबाट सूचीदर्ता गराउने फारम रु. ३००।०० राजश्व प्रशासन महाशाखामा बुझाई सोको नगदी रसिदका आधारमा लिई तोकिएको समयसिमा भित्र खरिद इकाईमा फारम दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । फारममा उल्लेखित संलग्न कागजात नभएमा सूचीदर्ता नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सरोकार पक्षलार्य जानकारी गराइन्छ ।

क) खरिद तथा आपूर्ति तर्फ :

१. मसलन्द तथा कार्यालय सामान
२. मेशिनरी उपकरण (कम्प्युटर, फोटोकपी, युपिएस, तथा इलेक्ट्रोनिक्स सामान)
३. इलेक्ट्रिक्ल समान
४. छपाई सम्बन्धि कार्य
५. फर्निचर तथा फर्निसिंग
६. पत्रपत्रिका तथा पुस्तक
७. मोटरगाडीका पार्टपुर्जाहरु
८. सरसफाई सम्वन्धि सामाग्रीहरु

ख) निर्माण व्यवसायीहरु :

१. सार्वजनिक निर्माण
२. भवन तथा भौतिक संरचना

ग) गैर सरकारी संघसंस्था :

१. वालवालिकालाई प्रत्यक्ष फाइदा पुग्ने
२) महिलालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरमा काम गर्नुपर्ने
३) आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका विपन्नवर्गलाई प्रत्यक्ष फाइदापुग्ने आयोजनामा काम गर्नुपर्ने
४) सामाजिक क्षेत्रमा काम गरेको आयोजना हुनुपर्ने
५) जेष्ठ नागरिक, अपांग भएका व्यक्तिहरुको लागि क्षमता विकास सम्वन्धि काम गर्ने
६) वी.म.न.पा. का सँग सरोकार राख्ने सेवा सामाजिक क्षेत्र, फोहोरमैला व्यवस्थापन, जनचेतनामुलक कार्यक्रम आदि ।

घ) मर्मत सम्भार तर्फ :

१. सवारी साधन (टयाक्टर, टिपर, वारुणयन्त्र, जिप, कार, ट्रक, स्काभेटर)
२. कम्प्युटर, फोटोकपी, प्रिन्टर, फयाक्स, स्कानर, युपिएस आदि
३. इलेक्ट्रोनिक्स सामान
४. फर्निचर

ङ) सेवा :

१) कम्प्युटर/लोकसेवा आयोग/नर्सिङ्ग तालिम
२) अंग्रेजी भाष सम्वन्धि तालिम तथा अन्य विभिन्न तालिमहरु संचालन
३) सरसफाई
४) सुचना, विज्ञापन प्रकाशन, प्रशारण
५) मोटर ड्राइभिंग तालिम

कार्यकारी अधिकृत

च) **परामर्शदाता वा सेवा :**

१. सफटवेयर निर्माण निर्देशिका निर्माण अध्ययन अनुसन्धान, सामाजिक परीक्षण एवं सार्वजनिक सुनुवाई
२) सूचना प्रविधि सम्बन्धि विभिन्न परामर्श सेवा
३) जनशक्ति विकास (प्राविधिक तथा प्रशासनिक) सम्बन्धि प्रशिक्षण, तालिम गोष्ठी आदि सञ्चालन गर्नु पर्ने ।
४) सीपविकास (लक्षितवर्ग) विभिन्न सीपविकास सम्बन्धी तालिम सञ्चालन गर्ने

सूचीकृत गर्दा समूह (क) देखि (च) सम्मका सेवा प्रदायकहरुले दरखास्त फारामका साथ संलग्न गर्नुपर्ने कागजातहरु :

१) आफ्नो फर्मको रजिष्ट्रेशन इजाजत पत्र
२) मूल्य अभिवृद्धिकर/स्थायी लेखा नं. दर्ता प्रमाणपत्र
३) आ.व. २०७२।०७३ सम्मको नविकरण भएको आयकरदर्ता प्रमाणपत्र
४) इजाजत प्रमाणपत्र
५) आ.व. २०७३।०७४ को वी.म.न.पा.को व्यवसायिक प्रमाणपत्र (सम्पूर्ण समूहले न.पा.को व्यवसाय प्रमाणपत्र अनिवार्य राख्नुपर्नेछ)
६) वाणिज्य कार्यालयको प्रमाणपत्र
७) घरेलु कार्यालयको प्रमाणपत्र
८) आ.व. २०७२।०७३ सम्मको करचुक्ता वा कर दाखिला प्रमाणपत्र
९) आ.व.व २०७२।०७३ को लेखा परीक्षणको प्रतिवेदन पेश गरेको हुनपर्ने
१०) गै.स.स. को हकमा संस्था दर्ता भएको मितिले कम्तीमा २ वर्ष पुरा गरेको हुनुपर्ने
११) गै.स.स.को हकमा आ-आफ्नो संस्था विज्ञता, अनुभव, कामको विवरण, आफ्नो सस्थामा भएका मानवसंसाधनको विवरण एवं संस्थागत विवरण समेत उल्लेख भएको हुनुपर्ने
१२) गै.स.स.ले न.पा.बाट कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने समयमा आ.व. २०७३।०७४ को लेखा परीक्षण प्रतिवेदन र संस्था नविकरणको कागजात समेत पेश गर्नुपर्ने ।
१३) सूचीकृत भएका सरोकारवालाहरुले सेवा प्रदान गर्दा आ.व. २०७४।०७५ को वी.म.न.पा.को व्यवसाय प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
१४) सूचीदर्ता फारम साथ संलग्न कालोसूचीमा नपरेको स्वयम् घोषणापत्र समेत आ-आफ्नो ठेगाना, सम्पर्क फोन नं., इमेल आदि खुलाई पेश गरेको हुनुपर्नेछ ।

सूचीकृत नहुने अवस्थाहरु :

१) तोकिएको दस्तुर तिरी खरिद इकाईबाट बिक्री गरिएको सूचीकृत फारम भरी खरिद इकाईको रजिष्टरमा दर्ता नभएमा ।
२) सूचीकृत हुन माथि उल्लेखित कागजातहरु संलग्न राखी पेश नगरेमा ।
३) सूचीकृत हुने समय सिमा भित्र सम्पूर्ण प्रकृया पुरा गरी फारम सहितको प्रमाणित प्रतिलिपि पेश नभएको ।
४) तोकिएको दस्तुर बुझाएको रसिद संलग्न नभएमा ।
५) फारममा भर्नुपर्ने कुरा भरेको नपाइएमा ।
६) फारमको प्रत्येक पानामा सरोकारवालाको दस्तखत र छाप नभएमा ।
७) जुन समूहको लागि सूचीकृत फारम भर्ने हो सोही समूहको लागि मात्र भर्नुपर्नेछ । एउटा समूहको लागि एउटै मात्र फारम भरेको नपाइएमा ।

माथि उल्लेखित सामान, मर्मत, सेवा जस्ता प्रत्येक विषयको छुटाछुटै दरखास्त दर्ता गराउनुपर्नेछ । रीत नपुगी र म्याद नाघी आएको दरखास्त फारमलाई मान्यता दिइनेछैन । प्राप्त दरखास्त फारमहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

खरिद इकाई
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय